नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
# विद्युत विकास विभाग
अनुमतिपत्र महाशाखा
(..........................................................)

फोन नं.: ४५३४११९, ४५११५३७, ४५१९५०१, ४५३९३६२
फ्याकस: ४५३९९०३
पोष्ट बक्स नं.: २५००७
सानोगौचरण, काठमाडौं, नेपाल

पत्र संख्या:-०७८/७९
चलनी नं.:-च.नं.:- ६५

मिति: २०७८/०४/१३

**विषय:-** माथिल्लो लाप्चेखोला ज.बि.आ. बारे ।

श्री इनर्जी भेन्चर प्रा. लि.
काठमाडौं महानगरपालिका, ब्लु स्टार कम्प्लेक्स, काठमाडौं ।
Phone: ०१-४२२७१७४,४२४१५२२
पो.ब.नं.: २३५८५

प्रस्तुत विषयमा तहाँबाट प्रवर्द्धित माथिल्लो लाप्चे खोला ज.वि.आ.को सम्बन्धमा त्यस आयोजनाको विद्युत उत्पादन अनुमतिपत्र वि.उ. १८२ को प्रकरण ७(च) अनुसार भौतिक प्रगति नदेखिएकाले विद्युत आयोजनाको अनुमतिपत्र सम्बन्धि निर्देशिका, २०७५को दफा २९(२)(ख) समेत आकर्षित हुने देखिन्छ । तसर्थ, आयोजनाको लागि प्राइम बैंक लि.को अगुवाई १५ अक्टोबर २०१८ मा सम्पन्न वित्तीय व्यवस्थापन सम्झौतामा रहेका विभिन्न शर्तहरु अनुरूप हाल वित्तीय व्यवस्थापन पूर्ण भईसकेको वा नभएको स्पष्ट नदेखिएको, उक्त सम्झौतामा नेपाल बंगलादेश बैंक लि., सनराइज बैंक लि, नेपाल क्रेडिट एण्ड कमर्स बैंक लि.ले लगानी गर्ने सम्बन्धमा निर्णय भएको नदेखिएको र आयोजनाको विद्युत खरिद बिक्री सम्झौता बहाल रहे/नरहेको सम्बन्धमा अध्यावधिक विवरणहरु सात (७) दिनको समय भित्र पेश गर्नुहुन विभागको मिति २०७८/०४/०७को निर्णयानुसार अनुरोध गरिन्छ । उक्त अवधि भित्र उल्लेखित विवरण/जानकारी पेश नभएमा नियमानुसार कारवाही भईजाने व्यहोरा समेत जानकारी गरिन्छ ।

(संकृष न्यौपाने)
इन्जिनियर

बोधार्थ:
श्री नेपाल विद्युत प्राधिकरण, दरबारमार्ग, काठमाडौं ।
श्री प्राइम कमर्सियल बैंक लि., कमलपोखरी, काठमाडौं । फोन: ०१-४४२३४३२